HAMRO PRAJASHAKTI
Dt. 4/Sept/2015, Friday

PRESS RELEASE

# न्यायाधीश जैनद्वारा राज्य कारागारको निरीक्षण भ्रमण

**गान्तोक, ३ सेप्टेम्बर:** सिक्किम मानव अधिकार आयोगका अध्यक्ष न्यायधीश एन. के. जैनले हिजो गान्तोकको रोङ्गोक स्थित राज्य कारागारको निरीक्षण गरे। न्यायधीश जैनका साथमा जेलका वरिष्ठ पुलिस अधीक्षक खिलवर्ण गुरूङ अनि सहायक जेलरको पनि उपस्थिति थियो। यस अवसरमा कारागारमा आउने कैदीहरूको स्वास्थ्य जाँच, मानसिक रोगग्रस्त कैदी, अवधिपूर्व कैदीहरूको रिहाई, कारागारभित्रको जीवन, कैदीहरूका लागि पठन सामग्रीको आपूर्ति अनि कारागारमा कैदीहरूको मृत्यु आदि मुद्दामाथि बहस गरियो। अध्यक्ष जैनले कारागारको विभिन्न खण्ड अनि भान्साघरको निरीक्षण गर्दै कैदीहरूसित पनि भेट गरे। पुलिस अधीक्षकले कारागारमा २००७-सालमा नै सीसीटीभी क्यामेरा जडान गरिएको भए तापनि २०११-सालदेखि यो सञ्चालन हुन छोडेकाले मरम्मतिको आवश्यकता रहेको बताए। कारागारमा भएको मुख्य समस्या कैदीहरूका लागि पिउने पानीको समस्या रहेको र यसका लागि सम्बन्धित विभागमा कोषको माग गरेको भए तापनि आजसम्म उक्त कोष आवण्टन गरी जारी नगरिएको पुलिस अधीक्षकले जानकारी गराए।

HIMALI BELA
Dt. 4/SEPT/2015

PRESS RELEASE

# मानवाधिकार आयोगका अध्यक्षद्वारा रोंगे जेलको भ्रमण

**गान्तोक, ३ सेप्टेम्बर:** सिक्किम मानवाधिकार आयोगका अध्यक्ष न्यायाधीश एनके जैनले हिजो रोंगे जेलमा भ्रमण गरेका छन्। यो भ्रमणमा पुलिस अधीक्षक (जेल) खिल बुन गुरुङ र सहायक जेलरको पनि उपस्थिति रहेको थियो।

यस भ्रमणमा मानवाधिकार आयोगका अध्यक्षले जेलबन्दीहरूको मानसिक स्वास्थ्य, बेला-बेलामा स्वास्थ्य जाँच, जेलबन्दीहरूको रिहाइ, जेलमा बन्दीहरूको मृत्यु आदि जस्ता विषयहरूमा छलफल गरेका थिए। यस अवसरमा ब्यारेक र किचनको बारेमा पनि चर्चा भयो। जेलका अधीक्षकले जेलमा सीसीटीभी क्यामेरा जडान गरिएको जानकारी दिए। यद्यपि यो २०११ देखि सञ्चालनमा नरहेको पनि अवगत गराए। जेल अधीक्षकले जेलका विभिन्न समस्याहरूबारे जानकारी गराउँदै सम्बन्धित विभागबाट अहिलेसम्म धनराशि आवण्टित नभएको बताए।